# तपाईंको व्यवसायकोलागि बैंक खातालाई स्मार्ट प्रकारले व्यवस्थापन गर्ने

हङकङ भरीका व्यवसायीहरुकालागि
एक निर्देशिका

HSBC

Together we thrive

Issued by The Hongkong and Shanghai Banking Corporation Limited

# परिचय

## तपाईंको खाताको सहि व्यवस्थापन गर्नाले तपाईं र वृहत समुदाय दुवैको पूंजीलाई सुरक्षित बनाउने छ

- हाम्रा व्यवसायिक ग्राहकहरुको हामीसँग प्रायजसो व्यक्तिगत खाता पनि हुने गर्दछ। हाम्रो उत्तम सल्लाह भनेको तपाईंको व्यवसायिक खाता केवल व्यवसाय कै निम्ति र व्यक्तिगत प्रयोगको निम्ति भने होइन भन्ने हो।
- व्यवसायको मालिक हुँदा तपाईं दैनिकी कार्य संचालनमा व्यस्त हुनुहुन्छ र समयमा काम सक्नुपर्ने भारमा हुनुहुन्छ, र यस्तो परिस्थितिमा कसरी तपाईंको बैंक खातालाई स्मार्ट रुपले व्यवस्थापन गर्ने भन्ने निर्देशिका मार्फत तपाईंले लाभ पाउन सक्नुहुनेछ। मार्ग निर्देशिकाले तपाईंको व्यवसायलाई ठगीहरु र वित्तीय अपराधबाट कसरी सुरक्षित राख्ने भन्ने उपायहरु उपलब्ध गराउँछ- अभ्यासहरु व्यक्तिगत खाताहरुमा पनि लागू हुन सक्छ

**यस मार्ग निर्देशिकामा, हामी तपाईंलाई निम्न सुझावहरु उपलब्ध गराउने छौं।**

## 1

दैनिक रुपमा कसरी तपाईंको खातालाई व्यवस्थापन गर्ने

## 2

कम्पनीहरुमा हुने संस्थागत परिवर्तनहरुको विषयमा हामीलाई अवगत गराउने

## 3

तपाईंको व्यवसायिक चक्रमा परिवर्तनहरु लागू गर्दा ध्यान दिनुपर्ने कुराहरु

## 4

तपाईंको ग्राहक अभिलेखलाई चालु अवस्थामा सामयिक बनाउनु भएन भने के हुनसक्छ

## 5

वित्तीय अपराधसँग लड्न हामीसँगै मिलेर कसरी काम गर्न सक्छौं

## 6

हामीलाई सम्पर्क कसरी गर्ने

# दैनिक रुपमा कसरी तपाईंको खातालाई राम्ररी व्यवस्थापन गर्ने



| | |
|---|---|
| **खाताको उद्देश्य र प्रयोग** | तपाईंको खाताको प्रकारको आधारमा, आफ्नो खातालाई कानून सम्मत तरिकाले प्रयोग गर्नुहोस् |
| | एउटा व्यक्तिगत खाता भनेको केवल तपाईंको व्यक्तिगत कारोबारीका निम्ति मात्रै हो, व्यवासयिक उद्देश्यहरुको निम्ति होइन,। व्यवसायिक खाता भनेको केवल व्यवसायिक उद्देश्यको निम्तो हो, व्यक्तिगत कारोबारको निम्ति होइन |
| **स्टेटमेन्टहरु, कागजात र अभिलेख** | तपाईंको बैंक खाता नियमित रुपमा जाँच गर्नुहोस् र सबै गतिविधिहरुलाई तपाईंको बैंक स्टेटमेन्टसँग मिलान गर्नुहोस् |
| | तपाईं आफ्नो आयको ट्रान्सफरको र व्ययको, साथै बिलहरु, चलानीहरु र पुष्टि गर्ने कागजातहरुको रेकर्ड राख्ने कुरालाई सुनिश्चित गर्नुहोस् |
| | आन्तरिक तथा अन्तराष्ट्रिय भुक्तानीहरुको अभिलेखमा पैसाहरु ट्रान्सफर भएको,प्राप्त गरिएको र खर्च गरिएको छ भनी देखाउनकालागि पर्याप्त विवरणहरु संलग्न भएको सुनिश्चित गर्नुहोस् |
| | भुक्तानी गर्ने कारोबारहरुको निम्ति इलेक्ट्रोनिक च्यानलरहुको राम्ररी प्रयोग गर्नुहोस्, जस्तै टेलिग्राफिक ट्रान्सफर र इलेक्ट्रोनिक बैंक ट्रान्सफर, जुन कोषहरुको स्रोत र गन्तव्यलाई पहिचान गर्नु सजिलो होस् |
| | तपाईंको करको दायित्वलाई बुझ्नुहोस् र पालना गर्नुहोस्। हामीलाई तपाईंको ट्याक्स रेसिडेन्सीको जानकारीहरु उपलब्धा गराउनुहोस् साधै करको कागजातहरुको स्पष्ट अभिलेख राख्नुहोस्। तपाईं हङकङको बासिन्दा भएको पनि जानकारी दिनहोस् जुन पछि कर छुटको प्रयोजनलाई आवश्यक पर्दछ |

“सबैकोलागि एउटै उपाय” भन्ने जस्तो कुनै उपाय छैन, तर कुनै बानी
र अभ्यासहरुबाट तपाईंलाई आफ्नो खातालाई प्रभावकारी ढंगले व्यवस्थापन गर्न र ठगीहरुबाट बच्न मद्दत गर्न सक्छ।

## सुरक्षा तथा कर्मचारी शिक्षा

भुक्तानीकोलागि दर्जा बहुस्तरीय अख्तियार र हस्ताक्षर स्तरहरुको प्रयोग गर्नुहोस्- उदाहरणको लागि, तपाईंको इन्टरनेट बैंकिङमा एउटा तह म्याट्रिक्स बनाउनुहोस् र विभिन्न हस्ताक्षर गर्ने समूहहरुको निम्ति कारोबार सिमिततासँग हस्ताक्षर गर्ने निर्देशन बनाउनुहोस्

भुक्तानी गर्नको निम्ति अरुहरुलाई मद्दत नगर्नुहोस् वा आफ्नो व्यवसायसँग सम्बन्धित नभएको अर्काको पुजीं नबोक्नुहोस्

तपाईं कसलाई बेच्दै हुनुहुन्छ वा कसबाट खरिद गर्दै हुनुहुन्छ चिन्नुहोस्- उदाहरणकोलागि , भुक्तानी गर्ने र पाउनेको जानकारीहरु

अरुहरुलाई तपाईंको खाता चलाउन नदिनुहोस् यदि तिनीहरुले त्यस्तो गर्ने अनुमति पाएका छैनन् भने

तपाईंको व्यक्तिगत विवरण, खाताको जानकारी, सुरक्षा उपकरण, इन्टरनेट बैंकिङ आइडि र पासवर्ड, एटिएम कार्ड र क्रेडिट कार्ड, कार्ड भेरिफिकेशन भ्यालु वा चेक बुक अरुहरुलाई नदिनुहोस्

फोनबाट ठग्ने र जालसाजी प्रकारका इमेलहरु, जुन बैंकको नामबाट पठाइएको भन्ने दावी गरिन्छ, त्यस्तोहरुको विरुद्धमा सचेत रहनुहोस्

एन्टी भाइरस सफ्टवेर, सुरक्षित नेटवर्क कनेक्शन र फायरवाल रक्षाको प्रयोग गर्दै तपाईंको कम्प्युटरको सेक्युरिटी अद्यावधिक राख्नुहोस्

तपाईंको कर्मचारीहरुलाई ठगी र वित्तिय अपराधहरुको जोखिमको विषयमा शिक्षित बनाउनुहोस् उदाहरणकोलागि कुनै भुक्तानी गर्नुभन्दा अघि समकक्षिको इमेललाई प्रमाणिकरण गर्ने र टेलिफोन प्रमाणित गर्ने कुराको महत्व दर्शाउनुहोस्

# संस्थागत परिवर्तनहरुको विषयमा हामीलाई अवगत गराईरहनु-होस्

ठगीहरु र वित्तीय अपराधसँग लड्ने हाम्रो प्रतिबद्दताको एक हिस्साको रुपमा हामी यो पक्का गर्न चाहन्छौं कि हामीसँग तपाईं र तपाईंको व्यवसायको सम्बन्धी सहि डाटाहरु छन् तपाईंको कम्पनीको सम्पर्क विवरणहरु (उदाहरणकोलागि ठेगाना, फोन नम्बर र ईमेल ठेगानामा भएको परिवर्तनको कुनैपनि जानकारीहरु हामीलाई सूचित गराउनका साथै तपाईंले हामीलाई तपाईंको व्यवसायको चक्रको परिवर्तनको विषयमा पनि नियमित रुपमा सुचित गराउनु महत्वपूर्ण हुन्छ।

तपाईंको खाताको विवरणहरु कसरी अध्यावधिक बनाउने भन्ने निर्देशनहरुको निम्त कृपया “हामीलाई कसरी सम्पर्क गर्ने” भन्ने खण्ड हेरनुहोला।

| तपाईंको व्यवसाय चक्रमा परिवर्तन | | | तपाईंको कम्पनीको बनावटमा परिवर्तन | |
|---|---|---|---|---|
| कुल विक्री कारोबारमा प्राकृतिक वृद्धी | नयाँ बजारहरु र ग्राहकको प्रकारमा विस्तार | व्यवसायको प्रकृतिको परिवर्तन | मानिसहरु- निर्देशकहरु, अधिकार प्राप्त प्रतिनिधिहरु, शेयरवालाहरु र अन्तिम लाभान्वित धनी | कानूनी निकाय- उदाहरणकोलागि एकल स्वामित्वदेखि लिमिटेड कम्पनीसम्म |

# तपाईंको व्यवसाय चक्रमा परिवर्तनहरु लागू गर्दा ध्यान दिनुपर्ने कुराहरु

जब तपाईंको व्यवसाय चक्र परिवर्तन हुन्छ, कृपया आफैलाई ठगी वा अन्य वित्तीय अपराधको जोखिमबाट जोगाउनकोलागि निम्न कुराहरुलाई ध्यान दिनुहोस्।

सान्दर्भिक प्रतिबन्धहरुको पहिचान गर्नको निम्ति लक्षित बजारहरुमा र स्थानीय बैंकिङको सहयोग सम्बन्धी बजार अध्ययन अनुसन्धान गर्नुहोस्

तपाईं कोसँग व्यवसायको रुपमा कारोबार गर्दै हुनुहुन्छ भनि जान्नुहोस्, जस्तै तपाईंको ग्राहकहरु, सप्लायर्स, ग्राहक र सेवा प्रदायकहरु-र तिनीहरुका व्यवसायको देश र कारोबार गर्ने क्षेत्रहरु

तपाईंको अर्थको स्रोतको विषयमा होशियार रहनुहोस्- जस्तै नयाँ लगानीकर्ता वा साझेदारहरुबाट आउने कोष वैधानिक भएको सुनिश्चित गर्नुहोस्

तपाईँको भरपाईको पद्धतिहरुको अभिलेख राख्ने, भुक्तानी एजेन्टहरु र निकायहरुको पनि । लाईसेन्स प्राप्त नगरेका एजेन्टहरु बाट कारोबार नगर्नुहोस्

# तपाईंको ग्राहक अभिलेखलाई अद्यावधिक राखिएन भने के हुनसक्छ?

आजको बढ्दो रुपमा जोडिएको संसारमा, वित्तीय अपराध एउटा बढ्दो विश्वव्यापी समस्या भएको छ। हाम्रा सम्पूर्ण ग्राहकहरुको सठिक सुचनाहरु प्राप्त गर्नु नै कालो धन, ठगी धन्दा वा कर छली पत्ता लगाउने र रोक्ने जस्ता हाम्रा क्षमताको एक प्रमुख हिस्सा हो। अद्यावधिक गरिएको तपाईंको व्यवसायको सुचनाहरु नभएमा, हामीले निम्न कार्य गर्न सक्छौं:

## व्यवसायिक खाता

तपाईंको ग्राहक जानकारीहरुलाई वर्तमान अवस्था अनुरुप परिमार्जित गरिएको छैन भने के हुनसक्छ भने ति कारोबारीहरुको खाताको विषयमा हामी तपाईलाई सोधपुछ गर्न सक्छौं जुन तपाईंको चालू व्यवसायिक प्रोफाइनसँग मेल खाँदैन । तपाईंको वर्तमान व्यवसायी प्रोफाइलसँग मेल खाएको नदेखिएमा हामी तपाईंलाई त्यस्ता कारोबार भएका खाताको सोधपूछ गर्नेछौं। उदाहरणमा: ठुला वायर ट्रान्सफरहरु वा नगद निक्षेपहरु जसलाई पुष्टि गर्ने कागजातहरुले व्याख्या गर्न नसकिन कारोबारहरु पर्दछन्। त्यस्ता कारोबारहरुले बैंकको निम्ति रातो झण्डाहरु खडा गर्नसक्छ, किनभने यस्ता तरिकाहरु सामान्यतया अवाञ्छनीय क्रियाकलापहरु साथै सम्पत्ति शुद्धिकरणसँग समेत मेल खान्छ।

यदी हामीले तपाईंको व्यवसायको अद्यावधिक सुचनाहरु राख्यौं भने-उदहारणकोलागि घरेलुबाट अन्तर्राष्ट्रिय विस्तार जस्ता कारोबारलाई व्याख्या गर्न सकिन्छ तथा अनावश्यक रातो झण्डालाई रोक्न सकिन्छ।

यदी तपाईंको खातामा भएको असामान्य गतिविधि व्याख्या गर्न सकिन्न भने हामीले कुनै निश्चित बैकिङ सेवाहरु, जस्तै कि बाहिर पठाउने विप्रेषण सेवामा ढिलाई वा रोक लगाउनु पर्ने वा तपाईंसँग हाम्रो बैकिङ सम्बन्धलाई अन्त्य गर्नु पर्ने हुन सक्छ।

## व्यक्तिगत खाता

यदी हामीले तपाईंको व्यवसायको विषयमा सामयिक जानकारीहरु राख्यौं भने - उदाहरणकोलागि, आन्तरिकदेखि अन्तर्राष्ट्रिय व्यवसायहरु, तब यी कारोबारहरु व्याख्या गर्न सकिन्छ र अनावश्यक रातो झण्डाबाट बच्न सकिन्छ। उचित प्रकारले कागजातहरु प्रमाणित गरिएको खण्डमा, एउटा व्यक्तिले तिनीहरुका व्यवसायको मुनाफाबाट वैध भुक्तानीहरु तिनीहरुलाई आफ्ना व्यक्तिगत खाताहरुमा प्राप्त गर्न कुनै समस्या छैन।

# वित्तीय अपराधसँग हामी कसरी सँगै मिलेर लड्न सक्छौं



तपाईं जस्तो उद्यमीहरु हङकङको अर्थ व्यवस्थाको मेरुदण्ड हुनुहुन्छ। हामी ठगी र वित्तीय अपराधहरुबाट तपाईंको खाताको सुरक्षा गर्न प्रतिबद्ध छौं ताकि तपाईंको व्यवसाय फलदायी बन्न सकोस् र तपाईंबाट हामीले अनुरोध गरेको जानकारीहरुले यो प्राप्त गर्न हामीलाई मद्दत गर्नेछ।

यदी तपाईंले हामीसँग व्यवसायिक र व्यक्तिगत खाताहरु दुवै राख्नु भयो भने, हामीलाई नियमित रुपमा अवगत गराउँदै र अद्यावधिक बनाउनु भयो भने हामीलाई तपाईंको बैकिङ आवश्यकताहरु पुरा गर्न मद्दत पुग्छ र वित्तीय अपराध विरुद्ध हाम्रा ग्राहकहरुर वृहत समूदायहरुलाई सुरक्षा दिन्छ।

## हामीबाट कुनै अनुरोध प्राप्त भएमा तपाईंले के गर्नुपर्छ

- हामीबाट आउने पत्रहरु, इमेलहरु र फोनहरुमा ध्यान दिनुहोस्
- समुचित अन्तरालमा हाम्रा सुचनाको अनुरोधको जवाफ दिनुहोस्
- तपाईंले हामीलाई प्रदान गर्नुभएको सूचनाहरु पूर्ण, सठिक र अद्यावधिक छन् भन्ने सुनिश्चित गर्नुहोस्
- तपाईंसँग व्यवसायिक वा व्यक्तिगत खाता सम्बन्धमा अपडेटहरु भएमा हामीलाई सम्पर्क गर्न नहिच्किचाउनुहोस्



हामी तपाईंलाई सुरक्षित बैकिङ वातावरण प्रदान गर्नको निम्ति प्रतिबद्ध छौं। बैंकहरु व्यक्तिहरु र व्यवसायीहरुलाई हङकङको वित्तीय व्यवस्थाको इमान्दारीतालाई जोगाई राख्नकोलागि, हामीले हाम्रो ग्राहक सुचनालाई अद्यावधिक बनाउनु महत्वपूर्ण हुन्छ।

# हामीलाई कसरी सम्पर्क गर्ने




- तपाईंको कम्पनीको सूचनाहरु अपडेट गर्नको निम्ति, हाम्रा HSBC बिजिनेस सेन्टरमा जानुहोस् वा हाम्रो कमर्सियल बैंकिङ सेवाको हटलाइन (852) 2748 8288 (भाषा छनौट पछि #-0 थिच्नुहोस्) मा सम्पर्क गर्नुहोस्
- व्यक्तिगत बैंकिङ कारोबारकोलागि हङकङमा भएको कुनै पनि HSBCको शाखामा जानुहोस् वा (852) 2233 3322 (HSBC प्रिमियर ग्राहकोहरुको लागि), (852) 2748 8333 (HSBC एडभान्स् ग्राहकहरुको लागि) वा (852) 2233 3000 (अन्य ग्राहकहरुको लागि)

सुरक्षा निरन्तरता

HSBCमा हामीले अपनाएको सुरक्षाको उच्च विधिहरुमा सूचनाहरुलाई राख्नको निम्ति तयार गरिएको ग्लोबल प्रणालीहरुलाई अद्यावद्यिक यसकारणगरिन्छ कि हाम्रा ग्राहकहरुलाई ठगीहरु र वित्तीय अपराधबाट रक्षा गर्न सकिने स्थिति रहोस्। यो एउटा निरन्तर चलिरहने कार्यक्रम हो र यस प्रक्रियामा नियमित पुर्नविचारहरु हुन्छन् जहाँ हामी तपाईंलाई तपाईंको विवरणहरु पक्का गर्न वा अद्यावधिक गर्न वा नयाँ सुचनाहरु प्रदान गर्न भन्ने छौं। तपाईंको संस्थाको कुनै पनि सूचनाहरुको परिवर्तन भएको खण्डमा तपाईंले हामीलाई सो को विषयमा अवगत गराउन हामीलाई सम्पर्क पनि गर्न सक्नुहुन्छ। तपाईको तर्फबाट हामीले सञ्चालन गर्ने कारोबारहरु साँचो अनुरोधहरुको आधारमा मात्रै हो भनि पक्का गर्दै हामीले तपाईंलाई र तपाईंको व्यवसायलाई रक्षा गर्नको निम्ति यसले मद्दत मिल्ने छ

HSBC सम्बन्धि अधिक जानकारीहरु तपाईंले यो वेबसाइटमा पनि पाउन सक्नुहुन्छ www.hsbc.com.hk/hsbcsafeguard

यो कागजात द हङकङ एण्ड शाङ्गघाई बैंकिङ्ग कोर्पोरेशन लिमिटेड (HSBC) बाट जारी गरिएको हो । कुनै पनि क्षेत्र अधिकारमा भएको कसैको लागी यो व्यवसायको निम्ति एउटा प्रस्ताव होइन वा अनुरोध होइन । यो त्यस्तो क्षेत्राधिकारमा बसोबास गर्ने वा रहेका कोही व्यक्ति जहाँ यस कागजातको वितरणमा बन्देज गरिन्छ त्यहाँ वितरण गर्नको निम्ति यो होइन । यस कागजातमा समावेश भएका सूचनाहरु केवल एउटा सामान्य प्रकृतिको मात्रै छ । यो व्यापक बनाउनको निम्ति होइन, साधै यसमा आर्थिक, कानूनी, कर वा अन्य व्यवसायिक परामर्शहरु समावेश छैन । उपलब्ध गराइएका उदाहरणहरु तथ्य परक छन् र कुनै पनि व्यक्तिले गर्नपर्ने कारोबारहरु परिस्थितीहरुमा भर पर्छ । यस कागजातमा भनिएका कुनैपनि विचारहरु वा भनाईहरुमा भर परेर हुने घाटाको निम्ति HSBC कुनै पनि हालतमा जवाफदेहि हुनेछैन । द हङकङ तथा शाङ्गघाई बैंकिङ्ग कोर्पोरेशन लिमिटेड को पूर्व लिखित अनुमति विन, यस प्रकाशनको कुनै पनि भागको पुनः प्रकाशन गर्न, पुनः प्राप्त गर्न मिल्ने प्रणालीमा सञ्चय गर्न, वा सार्न, कुनै पनि स्वरुपमा वा कुनै पनि प्रकारले, इलेक्ट्रोनिक, यान्त्रिक, फोटोकपि, रेकर्डिङ्ग, वा अन्य रुपमा, गर्न पाईने छैन ।